| शब्द | परिभाषा | चित्र |
|---|---|---|
| **ऐम्प्युटेशन (विच्छेदन)** | शरीरको कुनै भाग गुमाउनु, उदाहरणका लागि खुट्टा वा हात। | |
| **बाथ** | एक स्वास्थ्य समस्या, जसमा व्यक्तिको जोर्नीहरू कडा, सुन्निने र / वा चलाउँदा दुख्ने हुन्छ। | |
| **भाँच्चिएको हड्डी (फ्राक्चर)** | हड्डिको भाग चर्किनु र भाँच्चिनु | |
| **मधुमेह** | रगतमा चिनीको मात्रा बढी हुने रोग । यसले धेरै स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ: शरीरका भागहरू (विशेष गरी खुट्टा) महसुस गर्न कठिनाई र फलस्वरूप पाईतालामा घाउहरू हुने, बिस्तारै दृष्टि गुम्ने, मृगौलामा क्षति पुग्ने, पिसाबको असंयम (चुहिने) र कुराहरू सम्झन कठिनाइ हुने। | |
| **पाईतालामा हुने घाऊ** | पाईतालाको छाला फुट्नु । पाईतालामा घाऊ हुनु मधुमेह र अन्य स्वास्थ्य अवस्थाहरूको जटिलता हुन् जसले पाईतालामा महसूस कम गर्दछ। यदि उपचार गरिएन भने, मधुमेहीमा पाईतालामा हुगे घाऊले एम्प्युटेशन (विच्छेदन) गर्नुपर्ने हुनसक्छ । मधुमेही पाईतालामा हुने घाऊलाई पाईतालाको अल्सर पनि भनिन्छ। |  |
| **कमजोर** | कमजोर, नाजुक तथा कम शक्ति भएको। प्रायः मानिसहरुको उमेर ढल्दै जाँदा र स्वास्थ्य बिग्रँदै जाँदा हुने गर्छ । | |
| **हातको कार्य** | गतिविधिहरूको लागि हात प्रयोग गर्ने क्षमता, उदाहरणका लागि लेख्ने, वस्तुहरू बोक्ने, खाना तयार गर्ने, सिलाई गर्ने। | |
| **पक्षघात** | शरीरको भाग (सामान्यतया खुट्टा वा हात) चलाउन नसक्नु । | |
| **पोलियो** | एक गम्भीर संक्रामक रोग जसले व्यक्तिको मांसपेशी कमजोर वा पक्षाघात हुन सक्छ। यसले संक्रमणबाट निको भइसकेपछि पनि उनीहरूको गतिशीलतालाई असर गर्छ। | |
| **प्रोस्थेसिस्** | एउटा कृत्रिम खुट्टा (हात पनि) जसले शरीरको हराएको भाग (जस्तै खुट्टा) लाई प्रतिस्थापन गर्छ। |  |

| | | |
|---|---|---|
| **मस्तिष्कघात** | मस्तिष्कमा रक्त प्रवाह अवरुद्ध हुने। यसले शरीरको एक भाग कमजोर वा पक्षाघात हुनुका साथै बोल्न, महसुस गर्न, सोच्न र हेर्नमा समस्या ल्याउन सक्छ। | |
| **Suitable shoes** | स्थानीय रूपमा किन्न सकिने जुत्ताहरू, राम्रोसँग फिट हुने र खुट्टा जोगाउन र लड्ने जोखिम कम गर्न मद्दत गर्ने प्रकृतिका जुत्ताहरू। |   |
| **उपचारात्मक जुत्ता** | घाउको विकासको जोखिममा खुट्टाको लागि परिष्कृत सुरक्षात्मक र सहायता प्रदान गर्ने विशेष सुविधाहरू भएका जुत्ताहरू |   |
| **भार वहन** | एक व्यक्तिले आफ्नो खुट्टा (हरु) मार्फत राख्न सक्ने वजनको मात्रा। | |